# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office Of Rural Municipal Executive

पत्र संख्या : २०७९/०८०
**Ref.No :2079/080**
चलानी नं. : ४६८३

तेतरिया,मोरङ्
**Tetariya,Morang**
कोशी प्रदेश, नेपाल
**Koshi Province , Nepal**

मितिः २०८०।३।१२

**सटर तथा चमेना गृह भाडा लगाउने सम्बन्धि सिलबन्दी दरभाउ पत्र आब्हानको सूचनाः**

**(प्रथम पटक प्रकाशीत)**

प्रस्तुत विषयमा यस ग्रामथान गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८०।२।२३ गते बसेको बैठकको निर्णय अनुसार यस गाउँपालिकाको वडा नं.- १ रबिहाटको परिसर भित्र रहेका सटर नं १ देखी सटर नं १४ सम्मका जम्मा १४ वटा सटर कोठा र वडा नं. - ४ को परिसर भित्र रहेका सटर नं १ देखी सटर नं ५ सम्मका जम्मा ५ वटा सटर कोठा आ. व. २०८०/०८१,२०८१/०८२,२०८२/०८३ वर्ष तिनका लागी प्रति सटर मासिक रु १५००। का दरले बार्षिक रु.१८,०००। मा भाडामा लगाउनु पर्ने भएको तथा यस गा. पा. को परिसर भित्र रहेको चमेना गृह आ. व. २०८०/०८१, २०८१/०८२, २०८२/०८३ वर्ष तिन का लागी बार्षिक रु.५०,०००।।(अक्षेरुपी पचास हजार रुपैया) मा भाडामा लगाउनु पर्ने भएको हुँदा तपशिलको शर्त बन्देजको परिधि भित्र रहेर कोठा भाडामा लिन चाहने ईच्छुक ब्यक्ति/ फर्मले यो सुचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८०।३।२६ गते भित्र (सो दिन बिदा परे सो को भोलीपल्ट) यस गाउँपालिकाको कार्यालयबाट दरभाउपत्र खरिद गरि १६ औ दिन मिति २०८०।३।२७ गते दिनको १२ बजे सम्म यस कार्यालयमा रितपुर्वकको सिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन अनुरोध गरिन्छ। दर्ता हुन आएका दरभाउपत्रहरु १६ औ दिन मिति २०८०।३।२७ गते दिनको २ बजे र सो दिन बिदा परे कार्यालय खुलेको दिन सोही समयमा ग्रामथान गाउँपालिकाको कार्यालयमा खोलिने ब्यहोराको १५ दिने सार्वजनिक सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

शर्तहरुः

१. वडा नं. १ र ४ मा रहेका प्रत्येक सटर कोठाको मासिक भाडा न्यूनतम रु. १५००।(घर बहाल कर बाहेक) का दरले वार्षिक १८,०००।(अक्षेरुपी अठार हजार रुपैया ) कायम गरिएको छ।
२. गा.पा. को परिसर भित्र रहेको चमेनागृहको वार्षिक भाडा न्यूनतम रु. ५०,०००।(घरबहाल कर बाहेक) कायम गरिएको छ।
३. आफुले कबोल गरेको कुल रकमले हुन आउने ५% रकम यस कार्यालयको एन. आई. सि. एसिया बैकको धरौटी खाता नं.- ६९४१०००५८३६५२४०३ मा जम्मा गरि सो को सक्कल प्रति भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।
४. आ. व. २०८०/०८१ को लागी स्वीकृत रकममा दोश्रो आ. व. २०८१/०८२ मा १०% का दरले बृद्धि र तेश्रो आ. व. २०८२/०८३ मा आ. व. २०८१/०८२ का लागी स्वीकृत रकमको १०% का दरले बृद्धि हुने गरि ठेक्का सम्झौता हुनेछ।
५. दरभाउपत्रदाताले दरभाउ पत्र पेश गर्दा न्यूनतम रकममा नघट्ने गरि मासिक भाड़ादर रकम अङ्क र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गरेको हुनुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
४. दरभाउपत्र रु. ५००। तिरी ग्रामथान गाउँपालिका कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
५. सबै भन्दा बढी भाडा रकम कबोल गर्ने ब्यक्तिलाई सटर कोठा/चमेनागृह उपलब्ध गराईनेछ ।
६. वडा नं. १ र ४ मा रहेका सटर कोठाको भाडा प्रत्येक महिनाको मसान्त भित्र सम्बन्धित वडा समितिको कार्यालयमा बुझाउनु पर्नेछ। महिना ब्यतित भएर भाडा बुझाउँदा ५% थप जरिवाना रकम बुझाउनु पर्नेछ।
७. चमेनागृहको ठेक्का रकम सम्झौताको बखत अग्रिम रुपमा एकमुष्ट बुझाउनु पर्नेछ।

मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

८. कोठा खालि गर्नु परेमा एक महिना अगावै सम्बन्धित वडा समितिको कार्यालयमा सूचना दिनु पर्नेछ। कोठा खाली भए पछि धरौटी वापत राखिएको रकम फिर्ता हुनेछ।
९. सरकारी स्वामित्वमा रहेको सटर भाडामा लिदा मदिरा धुम्रपान तथा मद्यपान जस्ता लागु पदार्थ बिक्री गर्न पाईने छैन्। त्यस्तो कार्य गरेमा गाउँपालिकाले जुनसुकै बखत संझौता भङ्ग गरि कोठा खाली गराउन सक्नेछ।
१०. नियमित रुपमा भाडा नबुझाएमा गाउँपालिकाले जुनसुकै बखत कोठा खाली गराउन सक्नेछ।
१०. पानी, बिजुलीको महशुल . घर वहाल कर भाडा लिने ब्यक्ति स्वयमले तिर्नु बुझाउनु पर्नेछ।
११. भवनमा कुनै प्रकारको टुटफुट गर्न काटी किल्ला ठोक्न र संरचना परिवर्तन गर्न पाईने छैन्। त्यस्तो कार्य गरेमा भाडा लिने ब्यक्ति स्वयमले मर्मत संभार गर्नु पर्नेछ।
१२. कोठा र कोठा वरिपरिको सरसफाई भाडा लिने ब्यक्तिले नै गर्नु पर्नेछ ।
१३. कोठा भाडा सम्बन्धि अन्य शर्तको हकमा प्रचलित कानून र यस गा.पा. को निर्णय बमोजिम हुनेछ।

बोधार्थः
श्री ७ वटै वडा कार्यालयहरुः सूचना टाँस गरि जानकारी पठाईदिनु हुन ।
श्री सूचना प्रविधि शाखाः वेबसाईटमा अपलोड गरिदिनु हुन ।

मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत